


# विश्वकपमा खराब खेलहरू

लन्डन, (एजेन्सी)

रुसमा भइरहेको विश्वकप समाप्तितिर अग्रसर भइरहेको अवस्थामा एक खराब खेल निस्केको छ। इंग्ल्यान्ड र कोलम्बियाबीच भएको नकआउट चरणको अन्तिम खेललाई खराब खेलको संज्ञा दिइएको छ। म्याच रेफ्री मार्क गेइगरले ८ पहेँलो कार्ड दिनुपरेको थियो। जसमा ६ वटा कार्ड कोलम्बियन खेलाडीकै लागि रेफ्रीले निकाल्नु परेको थियो। जोर्डान हेन्डरसनलाई विल्मार बारियोसले घचेटेका थिए। यसैले इंग्ल्यान्डले पेनाल्टी हान्ने मौका पायो। तर विल्मार रातो कार्डबाट बचेका थिए। यो खेल १-१ बराबरी पछि पेनाल्टी सुटआउटमा इंग्ल्यान्ड विजयी भयो।

यसअघि पनि खराब खेलहरू विश्वकपमा भएका थिए। ती खेल यस प्रकारका छन्।

**क्यामरुन विरुद्ध अर्जेन्टिना, १९९०**

विश्वकपमा क्यामरुनले अर्जेन्टिनालाई हराएर सबैभन्दा स्तब्ध नतिजा निकालेको थियो। डिएगो म्याराडोनाको टोली उपाधि रक्षाका लागि इटालीमा खेल्न आएको थियो। तर पहिलो खेलमै क्यामरुनसँग हार्न पुग्यो। क्यामरुनको यो सबैभन्दा ठूलो जित पनि थियो। यो खेलमा ३० फाउल भएको थियो। अर्जेन्टिनाबाट मात्र ९ फाउल भएको थियो। क्यामरुनका एन्ड्रे बियिक र बेन्जामिन मासिंगले क्लाउडियो क्यानिजियालाई गम्भीर ट्याकल गर्दा रातो कार्ड बेहोरेका थिए।

**पोर्चुगल विरुद्ध ब्राजिल, १९६६**

पेल र ब्राजिल विश्वकप रक्षा गर्नका लागि इंग्ल्यान्डमा खेल्न आए। तर गुडिसन पार्कमा पेलेलाई बुल्गेरियाविरुद्धको खेलमा ठूलो चोट पुर्‍याइएको थियो। उनी पोर्चुगलविरुद्ध खेल्न तयार हुँदा जोआओ पिन्टोले पेलेको चोट परेको घुँडामा अझ चोट पुर्‍याएका थिए। उनले ब्राजिली खेलाडीलाई प्रहार गरेका थिए। पेले यसपछि यसरी घाइते भए कि उनी हिँडन पनि सकेका थिएनन्। पोर्चुगल ३-१ ले जितेपछि दुई पटकको डिफेन्डिङ च्याम्पियन नकआउट भयो।


१९६६ विश्व कप अर्न्तगत खेलमा घाइते भएका पेले उठ्ने कोसिस गरिरहेको

**पोर्चुगल विरुद्ध हल्यान्ड, २००६**

यी दुईबीचको खेलमा पोर्चुगलका गोल्डेन जेनेरेसनले चर्चित फिगो, रोनाल्डो तथा ग्लेमर्स डचबीच खराब खेलको नमुना पेश भएको थियो। रेफ्री भालेटीन इभानोभले चार रातो कार्ड र १६ पहेँलो कार्ड देखाएका थिए। जसमा पोर्चुगलका डेको र कोस्टिना तथा हल्यान्डका खालिड र ब्रोन्कोरोस्ट मैदानबाहिर जानु परेको थियो। जब कि फिगोले मार्क भान बोमेललाई हेडबट गर्दा पहेँलो कार्ड बेहोर्नबाट बचेका थिए।

**पश्चिम जर्मनीविरुद्ध हल्यान्ड, १९९०**

अन्तिम १६ को खेलमा जर्मनीका रुडी भोलरलाई हल्यान्डका फ्रान्क राइकार्डले थुकेका थिए। राइकार्डले भोलरलाई ट्याकल लगाएका थिए। पछि पहेँलो कार्ड पाएको रिसमा उनीमाथि थुकेको टिभीमा स्पष्ट देखिएको थियो। उनीहरू फेरि झगडा गरेका थिए। भोलर र राइकार्ड सेन्ट अफ भएका थिए।

**स्पेनविरुद्ध हल्यान्ड, २०१०**

यो विश्वकपमा स्पेन र हल्यान्डबीचको खेलमा १४ कार्ड देखाएको थियो। जसमा एक रातो कार्ड पनि सामेल थियो। हल्यान्डका जोनी हेइटिन्गा रातो कार्डका भागीदार भएका थिए। यो खेलको १३ मिनेटमा ५ बुकिङ भएको थियो। निगेल डी जोंगले जाबी एलोन्सोलाई हाई कराते किक हान्दा पनि रातो कार्डको हकदार भएको थिएन। डच लिजेन्ड जोहान क्रुएफ्ले आफ्नो देशको खेललाई फुटबलविरुद्ध भनेर प्रतिक्रिया दिएका थिए।

# कोलम्बियाका खेलाडीलाई धम्की

लन्डन, (एजेन्सी)

कोलम्बियाका २ खेलाडीले इंग्ल्यान्डविरुद्धको पेनाल्टी शुटआउटमा गोल गर्न सकेनन्। सोसल मिडियामा उनीहरूलाई मार्ने धम्की आएको बताइएको छ। म्याटेउस उराइब र कार्लोस बाक्कालाई धमाधम धम्की आइरहेकाले उनीहरूलाई घर नजान पनि सल्लाह दिएको छ। उराइबको किक क्रसबारमा ठोकियो भने बाक्काको किकलाई इंग्लिस गोलकिपर पिकफोर्डले बचाएका थिए।

बाक्काका धेरैजसो समर्थकले खराब पेनाल्टी भएकाले खेलाडीलाई चेतावनी पनि दिएका छन् कि उनीहरूलाई मार्नेछन् र छिटै कोलम्बिया नफर्कन भनेर पोस्ट गरेका छन्। कार्लोस सान्चेजलाई यसअघि नै मार्ने धम्की दिइरहेकामा प्रहरीले अनुसन्धान गरेको थियो। जापानविरुद्धको खेलमा सान्चेजले खेलको तेस्रो मिनेटमै रातो कार्ड बेहोरेका थिए।

केही क्रुद्ध फुटबल समर्थकले जुलाई ३ मा एन्ड्रेस इस्कोबारको हत्या भएको २४औं वर्ष भएको स्मरण गराएका थिए। सन् १९९४ विश्वकपमा आत्मघाती गोलले हारेको भन्दै एसकोबारलाई कोलम्बिया फर्केको १० दिनपछि गोली ठोकेर मारिएको थियो। उनले २७ वर्षको युवा उमेरमै ज्यान गुमाउनुपरेको थियो।



# काभानीको चोट सामान्य


मस्को, (एजेन्सी)

जारी विश्वकपको अन्तिम १६ अन्तर्गत पोर्चुगलविरुद्धको खेलमा चोट बोकेका उरुग्वेली स्ट्राइकर एडिन्सन कभानीको चोट सामान्य भएको उरुग्वे फुटबल संघले जनाएको छ।

पोर्चुगलविरुद्ध निर्णायक २ गोल गरेर उरुग्वेका नायक बनेका स्ट्राइकर इडिन्सन काभानीले चोटका कारण उक्त खेल पूरा समय खेल्न सकेनन्। बायाँ पिडौंलाको माशंपेशीमा समस्या देखिएपछि उनलाई परिवर्तन गरिएको थियो। तर संघले टोली र समर्थकका साथ सुखद खबर भएको उल्लेख गर्दै शुरूमा अनुमान गरिएकोजस्तो चोट गम्भीर नरहेको बताइएको छ।

शुरूमा पिडौंलामा गम्भीर चोटको अनुमान गरिए पनि सामान्य माशंपेशी च्यातिएको बताइएको छ। यद्दपि टोलीको अभ्याससत्रमा भने उनले केही संघर्ष गरिरहेका छन्। उरुग्वेले शुक्रबार फ्रान्ससँग क्वार्टरफाइनल खेल्नेछ। काभानीले खेल्ने वा नखेल्ने कुराको भने अझै टुंगो लागेको छैन।





इंग्ल्यान्डले कोलम्बियाविरुद्ध जित हात पारेपछि इंग्लिस खेलाडी जेमी भार्डी आफ्नी श्रीमतीसँग माया साट्दै।


## टिट्स विट्स

# मूर्ति नोक्सान पार्ने पक्राउ

मस्को, (एजेन्सी)

इंग्ल्यान्ड र कोलम्बियाबीचको खेल आयोजना गरेको स्टेडियमस्थित एक मूर्तिलाई नोक्सान पारेपछि १ व्यक्तिलाई पक्राउ गरिएको मस्कोका प्रहरीले बताएका छन्। सोसल मिडियामा स्पार्टक मस्कोका पूर्वखेलाडी फयोदो चेरेनकोभको मूर्ति राखिएको छ। जसमा उनको छातीमा रातो रंगले कसैले इंग्ल्यान्ड लेखेको छ। चेरेनकोभका ती खेलाडीको २०१४ मा निधन भएको थियो।

प्रहरीले जाँच चलिरहेको र कारबाहीपछि मूर्तिलाई नोक्सान गर्ने व्यक्तिको चिनारी भइसकेको र उनलाई पक्राउ गरिएको बताए। इंग्ल्यान्डले पेनाल्टी सुटआउटमा कोलम्बियालाई हराएको बखत भएको घटनाले ती पक्राउमा परेका व्यक्तिले खेल नहेरेको प्रहरीले दाबी गरे। मूर्तिमा नोक्सान गरेपछि सोसल मिडियाको नेटवर्कमा इंग्ल्यान्डका प्रशंसकको तीव्र आलोचना भइरहेको छ। रुसका जनताले नोक्सान गरेका व्यक्तिलाई खराब पाहुना पनि घोषित गरिदिएका छन्।



रुस बाहिर चेरेनकोभलाई त्यति चिन्दैनन् तर उनी स्पार्टकका प्रशंसकका नायक हुन्। उनले क्लबसँग ३ सोभियत उपाधि र १ रुसी उपाधि जितेका थिए। २०१४ मा ५५ वर्षको उमेरमा ब्रेन ट्युमरका कारण उनको निधन भएको थियो। उनको अन्तिम संस्कारमा हजारौं प्रशंसकले भाग लिएका थिए।

# म्याराडोना नि:शुल्क कोच बन्ने

ब्युनस आयर्स, (एजेन्सी)

विश्वकपमा अर्जेन्टिनाले निरासजनक प्रदर्शन गरेपछि जर्ज साम्पाओलीले कोचको पदबाट राजीनामा दिने दबाबबीच डिएगो म्याराडोनाले पद सम्हाल्ने चासो देखाएका छन्।

१९८६ को विश्वकप विजेता म्याराडोनाले अर्जेन्टिनाको कोच हुन आफूलाई एक पैसा पनि नचाहेको उल्लेख गरेका छन्। आफ्नो टिभी कार्यक्रम ह्यान्ड अफ गडमा ५७ वर्षीय खेलाडीले उनी राष्ट्रिय टोलीका लागि कोच बन्न तयार रहेको बताए। म्याराडोनाले २००८ देखि २०१० बीच २ वर्ष अर्जेन्टिनाको कोच बनेका थिए। उनले भेनेजुएलाको एक टिभी च्यानलमा प्रसारित हुने आफ्नो कार्यक्रममा बताए- 'म राष्ट्रिय टोलीको नेतृत्व गर्नका लागि फर्कनेछु र म नि:शुल्क काम गर्छु। यसको बदलामा मलाई केही चाहिँदैन।'

# गजबको संजोग

मस्को, (एजेन्सी)

स्पेनलाई नकआउट चरणमा हराएको रुसी टोलीको तारिफमाथि तारिफ भइरहेको छ। वास्तवमा यो खेलको नायक गोलकिपर इगोर एकिनफिभ हुन्। उनले स्पेनका २ पेनाल्टी बचाएका थिए। सोसल साइटसमा उनको चर्चा पनि धेरै भएको छ। तर एक फुटबल समर्थकले एकिनफिभसँग जुडेको संयोगसँग सबैलाई जानकारी गराएका छन्।

विश्वकप शुरू हुनुअगाडि रुसको प्रबन्धनले १०० रूबलको नोट जारी गरेको थियो। यसमा रहेको होलोग्राममा एक गोलकिपरको प्रतिबिम्ब छ जुन बललाई गोलपोस्टमा जानबाट रोकिरहेको छ। यदि ध्यानसँग हेर्‍यौ भने जुन शैली होलोग्राममा गोलकिपरको छ ठीक त्यस्तै एकिनफिभले पेनाल्टी शुटआउटमा बचाएको शैली उस्तै थियो।

फुटबल समर्थक यसलाई गजबको संजोग मानिरहेका छन्। बैंक अफ रसियाले जारी नोटको होलोग्राम र एकिनफिभको उक्त एक्सनको फोटो एकसाथ आफ्नो अफिसियल ट्विटरमा पोस्ट गरेको थियो, जसलाई हेर्दा उस्तै देखिन्छ।

